नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

भक्तपुर

## सूचना !!!

नजिकिदै गरेको महान चाड दिपावली (तिहार), छठ पर्व, नेपाल सम्वत लगायतका पर्वहरुको अवसरमा जिल्ला प्रशासन कार्यालय परिवार जिल्लाबासी सवैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ। दिपावली, छठ,नेपाल सम्वत लगायतका चाडपर्वहरु सवै जिल्लावासीले हर्षोउल्लासपूर्वक मनाउने चाहना हुदाँ हुदै पनि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण हालसम्म पनि कायम रहेको र यस्ता पर्वका समयमा हुन सक्ने अवान्छित कार्यहरुको नियन्त्रण गरी जनचाहना बमोजिम सुरक्षित एवं शान्तिपूर्वक चाडपर्व मनाउन दिने जिम्मेवारी हामी सवैको भएकोले सभ्य, सुरक्षित, मर्यादित एवं शान्तिपूर्वक देहाय बमोजिमका कार्य गरी दिपावली लगायतका पर्वहरु सुव्यवस्थित एवं स्वास्थ्य सतर्कता सहित मनाउन सवैमा अनुरोध छ। उल्लिखित कार्य विपरित भए/गरिएको पाइएमा कानून बमोजिम कारवाही गरिने समेत सवैमा जानकारी गराइन्छ।

१. स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी पुजापाठ लगायतका क्रियाकलाप गर्ने/गराउने। मठमन्दिर, धार्मिक लगायतका स्थलहरुमा भीडभाड नगर्ने।

२. पटका, आतिसवाजी जस्ता प्रज्वलनशील एवं विष्फोटक पदार्थ उत्पादन, ओसारपसार, विक्री वितरण र प्रयोग नगर्ने/नगराउने ।

३. मादक पदार्थ लगायतका नशालु पदार्थ सेवन गरी पर्वको समयमा सार्वजनिक स्थलमा होहल्ला झै झगडा जस्ता कार्य गरी शान्ति सुरक्षालाई असर पर्ने कुनै पनि कार्य नगर्ने/नगराउने।

४. कोभिड-१९ को संक्रमणलाई मध्येनजर गर्दै नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य मापदण्डको पूर्ण परिपालना गरी देउसी भैलो, नाचगान लगायतका कार्यहरु राती ९ बजेसम्म मात्र सभ्य एवं शान्तिपूर्वक गर्ने र यस्ता कार्यक्रम गर्दा सार्वजनिक यातायात र जनजीवनलाई असर पर्ने गरी कुनै पनि गतिविधिहरु नगर्ने/नगराउने।

..................

रुद्रादेवी शर्मा

प्रमुख जिल्ला अधिकारी

मिति २०७८/०७/१६